नेपाल सरकार
सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय
सामाजिक परिचालन तथा गैसस समन्वय शाखा
सिंहदरवार, काठमाण्डौं

मिति : २०७२।१०।०७

पत्र संख्या : २०७२।७३
चलानी नं : १९

विषय : वडा नागरिक मञ्च वर्गीकरण संवन्धमा ।

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
क्षेत्रीय समन्वय इकाई, सवै ।

प्रस्तुत संवन्धमा चालु आर्थिक वर्षको स्विकृत कार्यक्रम अनुसार वडा नागरिक मञ्चको वर्गीकरण कार्य एउटा महत्वपूर्ण कार्यक्रम भएकाले त्यस संवन्धी सूचकहरु र वर्गीकरणको विधि र प्रकृया संवन्धी सामान्य मार्गनिर्देशन प्राप्त भएकै होला । आगामी फेव्रुअरी २०१६ को दोश्रो सातावाट उच्च स्तरीय मिशनले ( Mid Term Review Mission) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मध्यावधि समीक्षा कार्य प्रारम्भ गर्ने भएकाले पूर्ण प्राथमिकताकासाथ सो समय अगावै आफ्नो कार्य क्षेत्र भित्रका वडा नागरिक मञ्चहरुको वर्गीकरण कार्य सम्पन्न गरी सो को विवरण LGCDP PCU मार्फत यस शाखामा पठाउनहुन अनुरोध गरिन्छ ।

साथै वर्गीकरणको एकप्रति अभिलेख अनिवार्य रुपमा संवन्धित वडा नागरिक मञ्चहरुमा, गाविस र नपा भित्रका वडा नागरिक मञ्चहरुको अभिलेख गाविस तथा नगरपालिकाको कार्यालयमा र जिल्ला भरीका वडा नागरिक मञ्चहरुको अभिलेख जिविसमा व्यवस्थित रुपमा राख्ने व्यवस्था गर्नहुन समेत जानाकारी गराइन्छ । धन्यवाद !

वन्धुप्रसाद वास्तोला
उप - सचिव

वोधार्थ :
जिल्ला विकास समितिको कार्यालय सवै,
श्री महानगरपालिका / उप महानगरपालिका तथा नगरपालिकाका कार्यालयहरु सवै ।